# SRI RAM SUGAR MILLS LTD.

## श्रीराम सुगर मिल्स लि. लाई स्थायी रुपमा बन्द गरिने संबन्धमा

## अत्यन्त जरुरी सूचना

श्रीराम सुगर मिल्स लिमिटेड रौतहट जिल्लाकै पहिलो चिनी मिल हो । यसको स्थापना दुई दशक भन्दा पहिला भएको थियो । यो उद्योगले रौतहट जिल्ला र वरपरका स्थानियहरुलाई रोजगारी दिनुका साथै स्थानिय उखु कृषकलाई समेत नगदे बालीको रुपमा उखु लगाउन प्रोत्साहित गर्दै आएको थियो । शुरुका केही वर्षहरुमा चिनी उद्योग राम्रैसँग संचालनमा आएको भएता पनि विगत लामो समय देखि घाटामा संचालन हुँदै आइरहेको तथ्य सर्वविदितै छ । उद्योगलाई कसैगंरी भएपनि टिकाई राख्नको लागी कम्पनीका संचालकहरुले आफ्नो तर्फबाट करोडौं रुपैंया लगानी गरेर भएपनि उद्योग ( कम्पनी) लाई जोगाउनको लागी भरमग्दुर प्रयास गर्दागर्दै पनि विविध कारणहरुले गर्दा उद्योग (कम्पनी) को वार्षिक घाटा झन्झन् बढ्दै गयो । एक आर्थिक वर्षमा नै उद्योगलाई करोडौं रुपैंया घाटा हुन थाल्यो । जसको कारण उद्योग व्यवस्थापन पक्षले चाँहादा चाँहादै पनि उखु कृषकहरुको रकम समेत समयमा भुक्तानी गर्न सकेको छैन् । यस्तो अवस्थामा उद्योगको अवस्था दिन प्रतिदिन जर्जर हुन पुगेको छ ।

यसरी हरेक वर्ष घाटामा गइरहेको हुँदा आ. व. २०७५/०७६ सम्ममा कम्पनीको कुल घाटा **२,१७,७५,५८,३७६/– (अक्षरेपी दुई अरब सत्र करोड पचहत्तर लाख अन्ठाउन्न हजार तीनसय छहत्तर)** पुगेको छ । कम्पनीको जर्जर आर्थिक अवस्था र पुँजीको अभावको कारण कम्पनी व्यवस्थापन पक्षले विगत ४ (चार) महिना देखि उद्योगमा कार्यरत श्रमिकहरुको कर्मचारी संचयकोष बापतको रकम र पारिश्रमिक समेत भुक्तानी गर्न सकेको छैन् । यस आ. व. मा पनि कम्पनी जम्मा १३ दिन मात्र क्रसिङ्गको लागी खुलेको थियो । तत्पश्चात **मिति २०७६।११।१३** गते देखि श्रीराम सुगर मिल्स लि. पूर्ण रुपमा बन्द रहेको छ ।

**REGD. OFFECE:** GOLCHHA HOUSE, GANABAHAL, KATHMANDU, NEPAL
TEL: (01) 4250001, 4250004, FAX: 977-1-4249723, E-MAIL: ktm@golchha.com
**FACTORY:** MAHAMADPUR (GARUDA) RAUTAHAT DISTRICT, NEPAL [illegible]

# SRI RAM SUGAR MILLS LTD.

यसरी कम्पनी बन्द रहेको अवधिमा **COVID-19 (Corona Virus)** को विश्वव्यापी संक्रमणको कारण उक्त महामारी देशभर फैलिन नपाओस भनेर नेपाल सरकारले यहि **मिति २०७६।१२।११ गते** देखि देशभर लक डाउन **(Lock Down)** को आदेश जारी गरेको कारण स्वाभाविक रुपमा अन्य उद्योग प्रतिष्ठानहरु जस्तै श्रीराम सुगर मिल्स लि. पनि निरन्तर रुपमा बन्द रहेको छ। कुनै पनि कार्यहरु भएको छैन्।

कम्पनी व्यवस्थापन पक्षले जतिसुकै प्रयास गरे पनि उद्योग संचालनमा आउन सक्ने अवस्था छैन्। उद्योगले हरेक वर्ष करोडौं रुपैंयाको नोक्सानी व्यहोर्नु परिरहेको वर्तमान परिस्थितीमा उद्योगमा कार्यरत श्रमिक, कर्मचारीहरुलाई न्यूनतम तलब, भत्ता दिन समेत उद्योगसँग आर्थिक अभाव रहेको छ। यस्तो विषम परिस्थितीमा उद्योग (कम्पनी) संचालन गर्नको लागी सबै तिरबाट अनुकुलता नभएसम्म उद्योग (कम्पनी) लाई स्थायी रुपमा सँधैको लागी बन्द गर्नु बाहेक उद्योग व्यवस्थापनसँग अन्य कुनैपनि विकल्प बाँकी नरहेको हुँदा **मिति २०७७।०४।११ गते** देखि कम्पनीलाई स्थायी रुपमा बन्द गर्ने गरी कम्पनी व्यवस्थापनले निर्णय गरेको हुँदा सोही व्यहोरा यसै सूचनाद्धारा संबद्ध सबैलाई जानकारी गराउन चाहान्छु। उद्योग बन्द भएपश्चात उद्योगमा कार्यरत श्रमिक, कर्मचारीहरुलाई बाँकी रहेको तलब, भत्ता र अन्य सुविधाको रकम भुक्तानी गर्दै जानेछ। यसरी श्रमिक, कर्मचारीहरुको तलब, भत्ता र सुविधा भुक्तान गर्न हाल उद्योग व्यवस्थापनसँग आर्थिक अभाव भएको कारण उद्योग (कम्पनी) को नाममा रहेको चल अचल श्रीसम्पति बिक्रि गरी भुक्तानी गरिनेछ। यसको लागी कम्पनी व्यवस्थापन पक्षले नेपाल सरकारसँग आवश्यक अनुमतिको लागी प्रक्रिया शुरु गरिसकेको छ। संबन्धित निकायबाट आवश्यक अनुमति प्राप्त हुनासाथ उद्योग (कम्पनी) को चल अचल श्रीसम्पति बिक्रि कार्यलाई तत्काल अगाडी बढाइने र सो बाट प्राप्त हुने रकमबाट उद्योग (कम्पनी) कार्यरत श्रमिक, कर्मचारी तथा उखु किसानहरुलाई प्राथमिकता दिई क्रमश: भुक्तानी गरी सबै बाँकी बक्यौता फरफारख गरिने व्यहोरा समेत यसै सूचनाद्धारा संबद्ध सबैलाई जानकारी गराउन चाहान्छु।

SRI RAM SUGAR MILLS LTD. ★ RAUTAHAT ★

**REGD. OFFECE:** GOLCHHA HOUSE, GANABAHAL, KATHMANDU, NEPAL
TEL: (01) 4250001, 4250004, FAX: 977-1-4249723, E-MAIL: ktm@golchha.com
**FACTORY:** MAHAMADPUR (GARUDA) RAUTAHAT DISTRICT, NEPAL. TEL: 977-55-565206, 520061, 520062, FAX:977-55-565204

SRIRAM

# SRI RAM SUGAR MILLS LTD.

अन्त्यमा दुई दशक भन्दा बढी लामो समय देखि संचालनमा रहेको चिनी उद्योगलाई स्थायी रुपमा सँधैको लागी बन्द गर्नु पर्दा कम्पनी व्यवस्थापन पक्षलाई अत्यन्तै दु:ख लागेको छ । तर पनि बाध्यात्मक परिस्थिती परेको कारण उद्योग संचालन गर्न नै नसकेर बन्द गर्नु परेको हो भन्ने कुरा सरोकारवाला सबैले बुझिदिनु हुनेछ भन्ने अपेक्षा गर्दछौं ।

मिति : २०७७।०४।०९

SRI RAM SUGAR MILLS LTD. SRIRAM RAUTAHAT

..............................

श्रीराम सुगर मिल्स लि. को तर्फबाट

बोधार्थ :

श्री श्रम तथा रोजगार कार्यालय, विरगंज, पर्सा ।
श्री श्रम तथा रोजगार कार्यालय, टेकु, काठमाडौं ।
श्री श्रम तथा व्यावसायजन्य सुरक्षा विभाग, काठमाडौं ।
श्री उद्योग विभाग, त्रिपुरेश्वर, काठमाडौं ।
श्री अन्तशुल्क कार्यालय,.....................
श्री अन्तशुल्क विभाग, काठमाडौं ।
श्री उद्योग मंत्रालय, सिंहदरबार, काठमाडौं ।
श्री श्रम तथा सामाजिक सुरक्षा मंत्रालय, सिंहदरबार, काठमाडौं ।
श्री गृह मंत्रालय, सिंहदरबार, काठमाडौं ।
श्री जिल्ला प्रशासन कार्यालय, रौतहट (आवश्यक शान्ती सुरक्षाको व्यवस्था गरिदिनु हुन)
श्री जिल्ला प्रहरी कार्यालय, रौतहट (आवश्यक शान्ती सुरक्षाको व्यवस्था गरिदिनु हुन)
श्री नेपाल उद्योग वाणिज्य महासंघ, विरगंज शाखा ।
श्री नेपाल उद्योग वाणिज्य महासंघ, केन्द्रिय कार्यालय, टेकु, काठमाडौं ।
श्री SEBON,............... काठमाडौं ।
श्री NEPSE,............... काठमाडौं ।

**REGD. OFFECE:** GOLCHHA HOUSE, GANABAHAL, KATHMANDU, NEPAL
TEL: (01) 4250001, 4250004, FAX: 977-1-4249723, E-MAIL: ktm@golchha.com
**FACTORY**: MAHAMADPUR (GARUDA) RAUTAHAT DISTRICT, NEPAL. TEL: 977-55-565206, 520061, 520062, FAX:977-55-565204